# बजार अनुगमन प्रतिवेदन २०८३
# शहिद लखन गाउँपालिका,घैरुङ्ग गोरखा

शहिद लखन गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७५ अनुसार पालिकाभित्र रहेका बजारमा गरिएको अनुगमन प्रतिवेदन

प्रस्तुत कर्ता
इन्दिरा तिवारी
उपाध्यक्ष सहिद लखन गाउँपालिका
बजार अनुगमन समितिका संयोजक
शहिदलखन गाउँपालिका,घैरुङ्ग गोरखा ।

CamScanner

## बजार अनुगमन सम्पन्न प्रतिवेदन

**परिचयः**

गोरखा जिल्लाको दक्षिण पश्चिममा रहेको भौगोलिक,धार्मिक, पर्यटकीय हिसावले भरिपूर्ण सहिद लखन गाउँपालिका रहेको छ । सहिद लखन गाउँपालिकाको मनकामना,घैरुङ्ग,नामजुङ्ग र बुकोट प्रमुख बजार क्षेत्र रहेको छ ।सहिद लखन गाउँपालिकको बजार क्षेत्रमा दर्ता नगरी संञ्चालनमा रहेको मेडिकल तथा फार्मेसी पसलहरु/ औषधिजन्य प्रत्यक्ष जनताको जिवनमा असर गर्ने कार्यलाई नियन्त्रण गर्न सहिद लखन गाउँपालिकाबाट समय समयमा बजार अनुगमन गर्नुपर्ने हुन्छ ।सहिद गाउँपालिकाले गत विगत वर्षमा जस्तै यस आ.व.मा पनि बजारलाइ स्वस्थ,प्रतिषपर्धा र दर्ता /नविकरण प्रक्रियालाइ जोड दिदै समग्र सहिद लखन गाउँपालिकाको समग्र जताको जिवनको सुरक्षा गर्न र संञ्चालकहरुलाइ कानूनी दायरामा ल्याउनको लागि सहिद लखन गाउँपालिकाको बजार अनुगमन निर्देशिका २०७५ बमोजिम समिति गठन गरि मिति २०८३।०२।२६गते बजार अनुगमन कार्य सम्पन्न गरिएको थियो ।

**उदेश्यः**

शहिद लखन गाउँपालिकाका बजार अनुगमन लागि बजार अनुगमन निर्देशिका २०७५ बमोजिम बजार अनुगमनका उदेश्यहरु देहाय बमोजिम रहेको छः

- ➢ सहिद लखन गाउँपालिकाको राजश्व वृद्धि गराउने ।

- गुणस्तरीय, सुरक्षित र प्रभावकारी औषधिको उपलब्धता सुनिश्चित गर्नु।
- नक्कली, गुणस्तरहीन तथा म्याद नाघेका औषधिको बिक्री—वितरण रोक्नु।
- औषधि ऐन, औषधि नियमावली, उपभोक्ता संरक्षण ऐन तथा अन्य सम्बन्धित कानुनको पालना भए/नभएको अनुगमन गर्नु।
- इजाजतपत्र प्राप्त तथा दर्ता भएका संस्थाले मात्र सेवा सञ्चालन गरेको सुनिश्चित गर्नु।
- औषधि निर्धारित मूल्यमा बिक्री भए/नभएको जाँच गर्नु।
- उपभोक्तालाई बिल उपलब्ध गराउने तथा सही सूचना दिने व्यवस्था सुनिश्चित गर्नु।
- औषधिको उचित भण्डारण, तापक्रम व्यवस्थापन तथा सरसफाइको अवस्था परीक्षण गर्नु।
- कोल्ड चेन आवश्यक पर्ने औषधि तथा खोपको सुरक्षित व्यवस्थापन सुनिश्चित गर्नु।

CamScanner

- दर्तावाला फार्मासिस्ट वा सहायक फार्मासिस्टको उपस्थितिमा सेवा सञ्चालन भएको सुनिश्चित गर्नु।
- औषधि बिक्री तथा परामर्श सेवाको गुणस्तर अभिवृद्धि गर्नु।
- प्रिस्क्रिप्सनबिना बिक्री गर्न नहुने औषधिको अनधिकृत बिक्री नियन्त्रण गर्नु।
- प्रतिबन्धित, नक्कली वा अवैध रूपमा आयात गरिएका औषधिको कारोबार रोक्नु।
- अभिलेख, स्टक व्यवस्थापन तथा व्यवसायिक आचारसंहिताको पालना गराउन प्रोत्साहन गर्नु।
- सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र गुणस्तरीय बनाउनु।
- औषधिको सुरक्षित प्रयोग सम्बन्धी सचेतना अभिवृद्धि गर्नु।
- औषधिको दुरुपयोग तथा एन्टिबायोटिक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरणमा योगदान पुऱ्याउनु।

<u>बजार अनुगमन समितिः</u>

शहिद लखन गाउँपालिकाका बजार अनुगमन लागि बजार अनुगमन निर्देशिका २०७५को परिच्छेद ३ बमोजिम बजार अनुगमनका समितिमा देहाय बमोजिम रहेको थियो:

संयोजकः श्री इन्दिरा तिवारी(गाउँपालिका उपाध्यक्ष)
श्री बाबुराम मगर -प्रमुख प्रशासकीय अधिकृत
सदस्यःश्री दिलिप नारायण थापा(वडा अध्यक्ष वडा नं ६)

सदस्यः श्री राम कुमार श्रेष्ठ(वडा अध्यक्ष वडा नं९)

सदस्यःश्री सुदिप मिश्र(प्रशासकीय अधिकृत जि.प्र.का गोरखा)

सदस्यः श्री सिता कोइराला(ज.स्वा.अ. प्र.ज.स्वा.का. गोरखा)

सदस्यःश्री जगमोहन लेखक (फा.स. प्र.अ.गोरखा)

सदस्यःश्री विरेन्द्र श्रेष्ठ(स्वास्थ्य शाखा प्रमुख श.ल.गा.पा.)

सदस्यःश्री याम बहादुर वूकट्टा (प्रशासकीय अधिकृत)

सदस्य: श्री विदुर प्रसाद तिमिल्सेना(प्र.ना.नि इ. प्र.का.मनकामाना)

**<u>बजार अनुगमन २०८३ को कार्यतालिका</u>**

मिति: २०८३।०२।२६ गते

समाय: विहान ८ बजे देखि साँझ ५ बजे सम्म

<u>अनुगमन गर्ने बजार क्षेत्रहरु:</u>

मनकामना बजार क्षेत्र( ३ नं वडा)

घैरुङ्ग बजार क्षेत्र(६ नं वडा)

नामजुङ्ग बजार क्षेत्र(९ नं वडा)

बुङकोट बजार क्षेत्र(७ नं वडा)

<u>बजार अनुगमन का विषय क्षेत्रहरु:</u>

- व्यवसाय दर्ता प्रमाणपत्र
- प्यान/भ्याट दर्ता प्रमाणपत्र
- औषधि व्यवस्था विभागबाट प्राप्त इजाजतपत्र (License)
- इजाजतपत्र नवीकरण भएको/नभएको
- व्यवसाय सञ्चालन स्वीकृति तथा अन्य आवश्यक अनुमतिपत्र

- दर्तावाला फार्मासिस्ट/सहायक फार्मासिस्टको उपस्थिति
- नेपाल फार्मेसी परिषद् दर्ता प्रमाणपत्र
- जिम्मेवार प्राविधिक व्यक्ति नियमित रूपमा उपस्थित भए/नभएको
- कर्मचारीको योग्यता र परिचय खुल्ने कागजात

- म्याद नाघेका औषधि बिक्रीमा राखिएको/नराखिएको
- दर्ता नभएका वा प्रतिबन्धित औषधिको बिक्री
- औषधिको ब्याच नम्बर, उत्पादन तथा म्याद समाप्ति मिति
- औषधिको उचित भण्डारण व्यवस्था
- तापक्रम तथा आर्द्रता नियन्त्रणको व्यवस्था

- चिकित्सकको प्रिस्क्रिप्सन आवश्यक पर्ने औषधि प्रिस्क्रिप्सनबिना बिक्री भएको/नभएको
- लागूऔषध तथा नियन्त्रित औषधिको अभिलेख
- बिक्री र खरिद अभिलेख अद्यावधिक भए/नभएको
- बिल बिजक जारी गर्ने व्यवस्था
- मूल्य सूची (Price List) राखिएको/नराखिएको

- औषधिमा अधिकतम खुद्रा मूल्य (MRP) भन्दा बढी मूल्य लिएको/नलिएको
- उपभोक्तालाई बिल उपलब्ध गराइएको/नगरिएको
- गुनासो पुस्तिका वा सुझाव पेटिका राखिएको/नराखिएको

- पसल परिसरको सरसफाइ
- औषधि राख्ने र्याक तथा स्टोरको अवस्था
- फोहोर व्यवस्थापनको उचित व्यवस्था
- आगलागी नियन्त्रणका उपकरण (Fire Extinguisher) को व्यवस्था

- एन्टिबायोटिक औषधिको दुरुपयोग
- प्रतिबन्धित वा नक्कली औषधिको बिक्री
- कोल्ड चेन आवश्यक पर्ने औषधि तथा खोपको व्यवस्थापन
- आपतकालीन औषधिको उपलब्धता

- खरिद बिल तथा आपूर्तिकर्ताको विवरण
- स्टक रजिस्टर
- बिक्री रजिस्टर
- नियामक निकायले माग गरेका अभिलेखहरू

CamScanner

**विस्तृत:**

सहिदलखन गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७५ प्रमाणिकरण मिति २०७५।०१।२० अनुसार सहिदलखन गाउँपालिकाले मिति २०८३।०२।२६ गते सहिदलखन गाउँपालिकाका उपाध्यक्ष श्री इन्दिरा तिवारीको नेतित्वमा सहिदलखन गाउँपालिकाको वडा नं ३,६,७, र ९ नं गरी जम्मा ४ मेडिकल तथा फार्मेसी वटा पसलहरुमा अनुगमन गर्ने क्रममा तपशिल बमोजिमको कैफियत देखिएको थियो ।

**अनुगमन गरिएका बजार क्षेत्रहरु:**

- वडा नं ३ मनकामना बजार क्षेत्रमा १ वटा मेडिकल पसल।
- वडा नं ७ को बुंकोट बजार क्षेत्र २ वटा मेडिकल पसल।
- वडा नं ६ को बजार क्षेत्र-१वटा मेडिकल पसल ।
- ४ वटै मेडिकल पसलमा कैफियत देखिएको।

**बजार अनुगमनको क्रममा कैफियत देखिएका व्यवसायहरु:**

सहिदलखन गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७५ बमोजिम सहिदलखन विभिन्नन बजार क्षेत्रमा अनुगमन गर्दा तपशिलको कैफियत प्राप्त भयो ।

| क्र.सं. | व्यावसयको नाम | फर्म धनीको नाम | वडा नं | कैफीयत |
|---|---|---|---|---|
| १. | सगुन फार्मेसी | संगीता भट्टराइ लामिछाने | ७ | औषधी पसलमा फार्मेसी जनशक्ति उपस्थित नभएको |
| २. | योगश्री मेडिकल हल | श्याम पाण्डे | ३ | औषधी पसलमा फार्मेसी जनशक्ति उपस्थित नभएको, |
| ३. | घैरुङ्ग बजार | ईव्वरी श्रेष्ठ | ६ | दर्ता नभएको,खरिद विक्रि विल नभएको र फार्मेसी जनशक्ति नभएको । |
| ४. | निमेस मेडिकल सेन्ट्रल प्रा.लि. | हर्क बहादुर गुरुङ्ग | ७ | औषधी पसल दर्ता नभएको,खरिद विक्रि विल नभएको फार्मेसि जनशक्ति नभएको । |

**उपलब्धिहरु:**

सहिदलखन गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७५ बमोजिम सहिदलखन विभिन्नन बजार क्षेत्रमा अनुगमन गर्दा तपशिलको उपलब्धीहरु प्राप्त भयो:

- बजार क्षेत्रमा व्यावसायीहरुले व्यावसाय दर्ता तथा नवीकरण समयमै गरिएको पाइएन ।समयमै दर्ता तथा नवीकरण गराउन सचेत गराइएको छ ।

<u>सुझावहरु:</u>

सहिदलखन गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७५ बमोजिम सहिदलखन विभिन्नन बजार क्षेत्रमा अनुगमन गर्दा तपशिलको सुझावहरु प्राप्त भयो ।

- ✓ म्याद सकिएको औषधी बरामद/कार्वाहिसंगै जरिवाना रकम समेत असुल गर्नुपर्ने ।
- ✓ वडा तहका कर्मचारी र कर्मचारीको परिचालन गरि वडामा भएका सबै मेडिकल तथा औषधी पसलको अनिवार्य दर्ता गरि सूचिकरण गर्नुपर्ने ।
- ✓ व्यावसाय दर्ता नविकरण गाउँपालिकाले समयमै अनिवार्य सर्कुलर गर्नु पर्ने ।
- ✓ गाउँपालिकाले समय समयमा बजार अनुगमन गर्नुपर्ने ।
- ✓ उपभोक्ता सचेतना कार्यक्रम समय समयमा गर्नुपर्ने ।

विशेष, धन्यवाद सहिद लखन गाउँपालिकाका आदरणीय अध्यक्ष श्री रमेश बाबु थापा मगरज्यूलाई बजार अनुमगन अविभावकको भूमिकामा रहि सल्लाह सुझाव दिनु भएकोमा धन्यवाद सहिद लखन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री बाबुराम मगरज्यूलाई,धन्यवाद विभिन्न शाखामा कार्यरत शाखा प्रमुखहरु अनुगमन समुहको संयोजक भइ कार्य सम्पादन गर्नु भएकोमा,धन्यवाद गाउँपालिकाका कार्यकर्मचारि,जनप्रतिनिधिहरु,वसचिव ज्यूहरु,उद्योग वाणिज्य संघका पदाधिकारी,व्यावसायी र सुरक्षा कर्मी ज्यूहरलाइ म बजार अनुगमन समितका संयोजक इन्दिरा तिवारी/उपाध्यक्षको तर्फबाट बजार अनुगमनमा साथ सहयोग गर्नुभएकोमा।